बैठक नं. ४१

आज मिति २०७६/०१/०५ गतेका दिन बुटवल उप-महानगरपालिकाका प्रमुख श्रीमान शिवराज सुवेदीज्यूको अध्यक्षता र देहायका कार्यपालिकाका सदस्यज्यूहरुको उपस्थितिमा निम्न प्रस्तावमा छलफल गरी निर्णय लिनका लागि नगर कार्यपालिकाको बैठक बसियो ।

समय : दिनको २:०० बजे ।

स्थान : नगर कार्यपालिकाको भवन ।

**उपस्थिति**

| सि.नं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | शिवराज सुवेदी | प्रमुख | |
| २ | गुमा देवी आचार्य | उप-प्रमुख | |
| ३ | महेन्द्र प्रसाद लिगल | सदस्य | |
| ४ | रमेश प्रसाद नेपाल | सदस्य | |
| ५ | लाल प्रसाद वस्याल | सदस्य | |
| ६ | टंक प्रसाद पराजुली | सदस्य | |
| ७ | तेज बहादुर सुनार | सदस्य | |
| ८ | जगदिश चन्द्र आचार्य | सदस्य | |
| ९ | कमल प्रताप थापा | सदस्य | |
| १० | भिम बहादुर श्रेष्ठ | सदस्य | |
| ११ | बिष्णु बहादुर थापा | सदस्य | |
| १२ | पदम बहादुर थापा | सदस्य | |
| १३ | रामचन्द्र क्षेत्री | सदस्य | |

| सि.नं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १४ | दुर्गा प्रसाद सुवेदी | सदस्य | |
| १५ | नारायण प्रसाद पुन | सदस्य | — |
| १६ | दधिराम न्यौपाने | सदस्य | — |
| १७ | डम्मर बहादुर भण्डारी | सदस्य | |
| १८ | राम प्रसाद रेग्मी | सदस्य | |
| १९ | सन्त बहादुर राना | सदस्य | |
| २० | हुमनाथ आचार्य | सदस्य | |
| २१ | हिम बहादुर खत्री | सदस्य | |
| २२ | डिल प्रसाद नेपाली | सदस्य | |
| २३ | रन्जित शेरचन | सदस्य | |
| २४ | माया देवी वराल (विश्वकर्मा) | सदस्य | |
| २५ | बिमला श्रेष्ठ | सदस्य | |
| २६ | सिता कुमारी थापा | सदस्य | |
| २७ | शुष्मा कुमारी अर्याल | सदस्य | |
| २८ | विष्णु कुमारी शर्मा | सदस्य | |
| २९ | चक्रपाणी शर्मा | प्रमुख प्रशासकीय अधिकृत | |

**प्रस्ताव नं. ४१.१**

**जितगढी विजय उत्सव २०७६ को तयारी सम्बन्धमा ।**

**निर्णय नं. ४१.१**

जितगढी विजय उत्सव २०७६ को तयारीको सन्दर्भमा हालसम्म भएका पूर्वाधार, झाँकी र्‍याली, मन्च, प्रचार-प्रचार, सरसफाई र निमन्त्रणा लगायतका विषयहरुमा सम्बन्धित उप-समितिका संयोजकहरुबाट आजको बैठकमा जानकारी भयो । विजय उत्सवका सन्दर्भमा नगरका विविध विधाका स्रष्टाहरुलाई समेत सम्मान गर्न मनासिव र उपयुक्त हुने हुँदा आ-आफ्नो वडा भित्र रहेका स्रष्टा व्यक्तित्वहरुको पुष्टी हुने कागज प्रमाण सहित २०७६/०१/०६ गते दिनको १:०० बजे भित्रमा सम्मान पुरस्कार उप-समितिमा पेश गर्ने र सोही सन्दर्भमा बुटवल सन्देश प्रकाशन गर्ने व्यवस्था मिलाउने समेत निर्णय गरियो ।

**प्रस्ताव नं. ४१.२**

**विविधि**

**प्रस्ताव नं. ४१.२.१**

**उजिर सिंह मा.वि. बुटवल-२, को "B" Block भवनको म्याद थप सम्बन्धमा ।**

**निर्णय नं. ४१.२.१**

नगर विकास कोषको ऋण तथा अनुदान सहयोग र उजिर सिंह मा.वि. बुटवल-२ को संयुक्त लगानीमा विद्यालय भवन तथा स्थानीय उत्पादन बिक्री केन्द्र (B–Block) भवन निर्माणका लागि बुटवल उप-महानगरपालिका नगर कार्यपालिकाको कार्यालय र सुनिल समिर जे.भि. तम्घास, गुल्मीका बीच मिति २०७५/०६/३० भित्र सम्पन्न गर्ने गरी ठेक्का सम्झौता भई कार्यादेश दिइएकोमा निर्माण व्यवसायीले समयमै साइट क्लियर नभएको, कार्य अवधिमा वर्षात सुरु भएको कारण जनाई २०७६ आश्विन मसान्तसम्म म्याद थपका लागि निवेदन पेश भएको र सम्बन्धित प्राविधिकको प्रतिवेदन बमोजिम निवेदकको व्यहोरा साँचो भएकोले माग बमोजिम म्याद थप गरिदिन मनासिव देखिन्छ भन्ने राय पेश भएको हुँदा नगर विकास कोष र बुटवल उप-महानगरपालिका नगर कार्यपालिकाको कार्यालय बीच भएको सम्झौता शर्त बमोजिम ऋण तथा अनुदान सहयोग रकमको सुनिश्चितता सहित म्याद थपका लागि सहमति लिनु पर्ने देखिएकोले सो सम्बन्धी आवश्यक प्रक्रिया बढाउन प्रमुख प्रशासकीय अधिकृतलाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ४१.२.२**

**वडा नं. ७ र ८ स्थित श्रवण पथमा निर्माणाधिन पुलको म्याद थप सम्बन्धमा ।**

**निर्णय नं. ४१.२.२**

बुटवल उप-महानगरपालिका वडा नं. ०७ र ०८ को सिमानामा श्रवण पथ सडकमा रहेको पुल निर्माण कार्यका लागि ठे.नं. १२।०७४।०७५ मा आर.एण्ड.आर.सिभिल कन्स्ट्रक्सन सेवा तानसेन नगरपालिका-१०, पाल्पासँग मिति २०७५/०२/२३ मा २०७५/०६/२५ गते भित्र कार्य सम्पन्न गर्ने गरी ठेक्का सम्झौता भई कार्यादेश दिइएकोमा निर्माण व्यवसायीबाट उक्त स्थानमा खानेपानीको पाइप लाईन भएकोले सो हटाउन १२५ दिन समय लागेकोले मिति २०७५/०७/१३ निर्णय बमोजिमको १२५ दिन अर्थात २०७५/१०/२९ गतेसम्म म्याद थप गरी कार्य सम्पन्न गर्न निर्देशन

गरिएकोमा कार्य गर्दा विभिन्न अवरोध तथा सोही अवधिमा चाडपर्व परेकोले तोकिएको समय भित्र कार्य सम्पन्न गर्न नसकिएकोले ७५ दिन म्याद थप गरी पाऊ भनि निर्माण व्यवसायीको माग पेश भएकोमा प्राविधिक प्रतिवेदनबाट व्यहोरा साँचो भएकोले म्याद थप गर्न उपयुक्त हुने राय प्रतिवेदन पेश भएकोले २०७६/०१/१५ गतेसम्म म्याद थप गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ४१.२.३**

**आन्तरिक राजश्व कार्यालयलाई गरिएको जग्गाको सिफारिस सर्मथन सम्बन्धमा ।**

**निर्णय नं. ४१.२.३**

प्रदेश सरकारका लागि आवश्यक भई बुटवल स्थित आन्तरिक राजश्व कार्यालय स्थानान्तरण गर्नु पर्ने भएको हुँदा उक्त कार्यालयको कार्यालय भवन निर्माण गर्ने प्रयोजनका लागि बुटवल उप-महानगरपालिका वडा नं. ११ (न.नं. ९क कि.नं. ९६ ज.वि. १७-३-१२) जग्गा मध्येको देहायको चौकिल्ला भित्र रहेको उप-महानगरपालिकाको संरक्षणमा रहेको सार्वजनिक जग्गा ज.वि. १-०-० उपलब्ध गराउने गरी नगर कार्यपालिकाको कार्यालयबाट मिति २०७५/१०/१५ च.न. ४००२ को पत्रद्वारा गरिएको सिफारिस समर्थन गरियो ।

**चौकिल्ला**

| | |
|---|---|
| पूर्व | - आई सेक्टर (प्रगतिनगर) । |
| पश्चिम | - सुदर्शन पथ । |
| उत्तर | - आई सेक्टरको बीचको जग्गा । |
| दक्षिण | - प्रगतिनगरको दक्षिण सिमाना सडक । |

**प्रस्ताव नं. ४१.२.४**

**हुरी पीडित जनतालाई सहयोग सम्बन्धमा ।**

**निर्णय नं. ४१.२.४**

केही दिन अघि आएको हावाहुरीले बारा जिल्लामा ठूलो जनधनको क्षति पुऱ्याएको हुँदा उक्त हुरी प्रभावित क्षेत्रमा सहानुभुति प्रकट गर्ने र सक्दो राहत सुविधा उपलब्ध गराई मानवीय संवेदनशिलता र भाइचाराको सम्बन्ध स्थापित गर्न उपयुक्त हुने भएकोले यस बुटवल उप-महानगरपालिकाका जनप्रतिनिधि र नगर कार्यपालिकाको कार्यालयमा कार्यरत कर्मचारीहरुको १ दिन बराबरको पारिश्रमिक जम्मा गरी बारा जिल्लाका हुरी पीडित जनतालाई उपलब्ध गराउने निर्णय गरियो ।

**प्रस्ताव नं. ४१.२.५**

**राष्ट्रिय गौरवका आयोजनालाई नदीजन्य पदार्थ उपलब्ध गराउँदा लाग्ने रोयल्टी तोक्ने सम्बन्धमा ।**

**निर्णय नं. ४१.२.५**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ६२क मा भएको व्यवस्था अनुसार नदीजन्य पदार्थको विक्री वितरण सम्बन्धी अधिकार स्थानीय तहलाई दिई उक्त पदार्थ विक्री गरी प्राप्त रकम स्थानीय सञ्चितकोषमा राख्नुपर्ने स्पष्ट व्यवस्था गरिएको छ । यस उपमहानगरक्षेत्रभित्र नदीजन्य पदार्थ संकलन तथा उत्खनन गर्नको लागि विभिन्न ६ वटा प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनहरु सम्बन्धित निकायवाट स्वीकृत भएका छन । ति मध्ये ३ वटा प्रतिवेदनहरुमा उल्लेख

भएका स्थानहरुबाट नदीजन्य पदार्थ संकलन तथा उत्खननका लागि प्रदेश सरकारबाट निर्धारित न्युनतम मूल्यलाई आधारमानी बोलपत्र आव्हान गर्दा वोलपत्रदाताहरुवाट पेश भएका कवोल अंकको आधारमा औषत मूल्य प्रति घनफिट रु. १५.४१ (मुल्य अभिबृद्धी कर सहित) कायम भएको अवस्था छ। नगरक्षेत्र भित्र परेका अन्य ३ वटा स्वीकृत प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनमा समावेश भई नदीजन्य पदार्थ संकलन उत्खनन गर्न निर्धारित स्थलहरुमध्येबाट उक्त पदार्थको संकलन उत्खनन गर्न रुपन्देही जिल्लामा सञ्चालित राष्ट्रिय गौरवका आयोजना तथा राष्ट्रिय प्राथमिकता प्राप्त आयोजनाहरुले जिल्ला समन्वय समितिको सिफारिस समावेश गरी नदीजन्य पदार्थ संकलन तथा उत्खननको लागि अनुमति माग गरेका छन्। राष्ट्रिय वा प्रादेशिक गौरवका आयोजना तथा राष्ट्रिय प्राथमिकता प्राप्त आयोजनालाई आवश्यक निर्माण सामग्रीको अभाव नहोस भन्ने विषयलाई मनन गरी त्यस्ता आयोजनालाई नदीजन्य पदार्थ उपलब्ध गराउनु महत्वपूर्ण विषय हो। यद्यपी त्यस्ता आयोजनाहरुको निर्माणका लागि ठेक कबोल गर्दा बजार दररेटलाई नै आधारमानी कबोल गर्ने भएकाले न्यूनतम दरमा नै पाउनुपर्दछ भन्ने विषय महत्वपुर्ण होइन। प्रदेश सरकारवाट जारी नदीजन्य पदार्थ संकलन उत्खनन् सम्बन्धी कार्यविधि, २०७५ को दफा ११(७) मा राष्ट्रिय वा प्रादेशिक गौरवका आयोजना वा राष्ट्रिय प्राथमिकताप्राप्त आयोजनालाई नदीजन्य पदार्थ दिन सक्नेछ भन्ने व्यवस्था रहेको सन्दर्भमा समेत नगरले विवेकसम्मत ढगंले नदीजन्य पदार्थ संकलन उत्खनन् गर्न दिने वा नदिने निर्णय गर्न सक्ने देखिन्छ। उल्लेखित परिवेशमा स्थानीय नदीबाट संकलन गरी (ढुवानी नगरी) सो नदी किनारकै संरक्षणका लागि प्रयोग गर्ने र लागत अनुमान गर्दा दररेट समेत सोही बमोजिम कायम भएको अवस्थामा स्वीकृत प्राप्त स्थलबाट मात्र प्रदेश सरकारबाट कायम गरिएको न्यूनतम दररेट र नियमानुसार मु.अ.क. लिई संकलन गर्न अनुमति दिने। सो बाहेकको जुनसुकै अवस्थामा हाल कायम भएको औषत दर रु.१५.४१ (मु.अ.क समेत) प्रति घनफिट लिई स्वीकृत स्थलबाट उत्खनन गर्न अनुमति दिने। यो व्यवस्था चालु आ.व.मा यस अघि संकलन उत्खननका लागि राजस्व जम्मा गरेका, सम्झौता भएका वा कार्यादेश पाएका तर संकलन उत्खनन् कार्य प्रारम्भ नगरेका कुनैपनि फर्म, समिति वा व्यक्तिको हकमा समेत लागु गर्ने गरी कार्यान्वयन गर्ने निर्णय गरियो।

अन्त्यमा उपस्थित सबैलाई धन्यवाद दिदै प्रमुखज्यूबाट बैठक समाप्त भएको जानकारी गराउनु भयो।